आज मिति २०७७/१२/०६ गते सुन्दरबजार नगरपालिकाका नगर प्रमुख श्री जनक राज मिश्र ज्यूको अध्यक्षतामा ९८ औं बैठकको उपस्थिति तपशिल बमोजिम रह्यो ।

तपशिल

| सि. नं | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री जनक राज मिश्र | नगर प्रमुख | |
| २ | श्री ज्ञानु शाह | नगर उप प्रमुख | |
| ३ | श्री सूर्य बहादुर दुरा | वडा अध्यक्ष वडा नं १ | |
| ४ | श्री नबिन कुमार श्रेष्ठ | वडा अध्यक्ष वडा नं २ | |
| ५ | श्री अमृत नेउपाने | वडा अध्यक्ष वडा नं ३ | |
| ६ | श्री कृष्ण राज खनिया | वडा अध्यक्ष वडा नं ४ | |
| ७ | श्री ललित गुरूङ | वडा अध्यक्ष वडा नं ५ | |
| ८ | श्री रघुनाथ मिश्र | वडा अध्यक्ष वडा नं ६ | |
| ९ | श्री जयराम रेग्मी | वडा अध्यक्ष वडा नं ७ | |
| १० | श्री कृष्ण कान्त अधिकारी | वडा अध्यक्ष वडा नं ८ | |
| ११ | श्री मोती प्रसाद गुरूङ | वडा अध्यक्ष वडा नं ९ | |
| १२ | श्री जय बहादुर अधिकारी | वडा अध्यक्ष वडा नं १० | |
| १३ | श्री प्रेम बहादुर दुरा | वडा अध्यक्ष वडा नं ११ | |
| १४ | श्री भवानी के. सी. | नगर कार्यपालिका सदस्य | |
| १५ | श्री लक्ष्मी पोंखरेल | नगर कार्यपालिका सदस्य | |
| १६ | श्री चन्द्रमा घिमिरे | नगर कार्यपालिका सदस्य | |
| १७ | श्री बुद्ध कुमारी सुवर्णकार | नगर कार्यपालिका सदस्य | |
| १८ | श्री शान्ता भुजेल | नगर कार्यपालिका सदस्य | |
| १९ | श्री राजेन्द्र दर्जी | नगर कार्यपालिका सदस्य | |
| २० | श्री सुरेश कुमार दुरा | नगर कार्यपालिका सदस्य | |

## प्रमुख प्रशासकीय अधिकृत

| सि. नं | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | ठाकुर जी तिवारी | प्रमुख प्रशासकीय अधिकृत | |

मिति २०७७/१२/०६ गते बसेको ९८ औँ बैठकका निर्णयहरु-

**निर्णय न.१** भूमि सम्बन्धी समस्या समाधान आयोग लगत संकलन ईकाई सचिवालय खर्चका लागी रु.१,००,००० ( अक्षरुपी रुक लाख मात्र) विनियोजन गर्ने निर्णय गरीयो।

**निर्णय न. २** भोटेओडारमा बन्दै गरेको सार्वजनिक शौचालयमा मेसिनरी वाल लगाउनको लागि १,५०,००० (अक्षरपी एक लाख मात्र) विनियोजन गर्ने निर्णय गरीयो ।

**निर्णय न.३** पाउँदीखोला सुकुम्बासी टोल झोलुङ्गे पुल को पारी पट्टिको जिप संरक्षणका लागी रु.१,००,००० (अक्षरुपी एक लाख मात्र) विनियोजन गर्ने निर्णय गरीयो।

**निर्णय न.४** भारती सदन मा.वि. सु.न.पा.८ मा च्वाईस नेपाल र यस नगरपालिकाको को सहकार्यमा बन्दै गरेको ६ कोठे आर.सि.सि.भवन कुल लागत ९० लाख मध्ये सोको १५ प्रतिशत रकम स्थानीय स्रोतबाट ब्यहोर्नुपर्ने प्राबधान अनुरुप यस न.पा. बाट सो कार्यको लागी रु.१३,५०,००० (अक्षरुपी तेह्र लाख पचास हजार रुपैयाँ मात्र) विनियोजन गर्ने निर्णय गरीयो ।

**निर्णय न.५** वडा न.२ स्थित विकास मिश्र ले MBBS नाम निकालेको निजको आमाबुबा नभएको तथा आर्थिक अवस्था कमजोर रहेकोले निजको सुरुको भर्ना खर्च रु.३,४०,००० (अक्षरुपी तिन लाख चालिस हजार मात्र) सहयोग स्वरुप प्रदान गर्ने निर्णय गरीयो ।

**निर्णय न.६** शिक्षाको सशर्त कायक्रम तर्फ भोतिक सुधारमा विनियोजित रकम रु.१ करोड ६३ लाख मध्ये १ करोड ४९ लाख नमुना विधालयको रुपमा छनौट भएको भक्ति नमुना मा.वि. को छात्राबास निर्माणका लागी अनुदान दिने र बाँकी १४ लाख रकम विधालयमा शौचालय निर्माण कार्यक्रमको लागी पाणिनी संस्कृत मा.वि. वडा न.३ र शान्ति सृजना आ.वि. वडा न.४ मा शौचालय निर्माण कार्यक्रमको लागी ७/७ लाख रुपैयाँ अनुदान उपलब्ध गराउने निर्णय गरीयो ।

**निर्णय न.७** शिक्षा तर्फको सशर्त कार्यक्रम अन्तर्गत विधालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवमं कार्यसम्पादनमा आधारीत प्रोत्साहन अनुदान कार्यक्रममा विनियोजित रकम बाट तपशिल बमोजिमका विधालयहरुलाई तपशिल बमोजिम अनुदान उपलब्ध गराउने निर्णय गरीयो ।

तपशिल

| क्र.सं. | नाम | कार्यक्रम | रकम |
|---|---|---|---|
| १. | विधाज्योति मा.वि. वडा न.५ | विज्ञान ल्याव निर्माण | रु.६ लाख ५० हजार |
| २. | आदर्श बाल मा.वि. वडा न.६ | विज्ञान ल्याव निर्माण | रु.६ लाख ५० हजार |
| ३. | भारती सदन मा.वि. वडा न. ८ | ICT ल्याब निर्माण | रु.६ लाख ५० हजार |
| ४. | मर्स्याङ्दी आ.वि.वडा न. ७ | ICT ल्याब निर्माण | रु.६ लाख ५० हजार |
| ५. | सरस्वती सदन मा.वि. वडा न.११ | ICT ल्याब निर्माण | रु.६ लाख ५० हजार |
| ६. | सौभाग्य सदन मा.वि. वडा न.१० | ICT ल्याब निर्माण | रु.६ लाख ५० हजार |
| ७. | महेन्द्र मन्दिर मा.वि. वडा न.२ | ICT ल्याब निर्माण | रु.६ लाख ५० हजार |

**निर्णय न.९** सत्रसयमा शिक्षा द्धार निर्माणको लागी बहुबर्षिय योजनामा पर्ने गरी रु.२००००० अक्षरुपी विस लाखको स्टमेट बनाई कार्य गर्ने र यस आ.व. मा सो योजनाको लागी रु.५०००००(अक्षरुपी पाँच लाख मात्र) विनियोजन गर्ने निर्णय गरीयो ।

**निर्णय न. १०** भक्ति आदर्श क्याम्पस लाई भवन निर्माणमा गत आ.व.मा रु १५०००००० (अक्षरुपी पन्ध्र लाख रकम मात्र) विनियोजन गरीएकोमा गत बर्ष कोभिडका कारण कार्य हुन नसकेकोले यस बर्ष रु.१००००००० (अक्षरुपी दश लाख मात्र) विनियोजन गर्ने निर्णय गरीयो ।

**निर्णय न.११** वडा न. २ खानेपानी आयोजना संरक्षण अन्तर्गत पाउँदीखोला केबल क्रसिङ मर्मत तथा संरक्षणका लागी रु. ८००००० अक्षरुपी आठ लाख मात्र विनियोजन गर्ने निर्णय गरीयो।

**निर्णय न. १२** सड़क बोर्डमा साझेदारीका लागी रु. १३००००० (अक्षरुपी तेह लाख मात्र ) विनियोजन गर्ने निर्णय गरीयो।

नेर्णय न.१३ यस न.पा क्षेत्रभित्र बनेका नयाँ घर तथा बस्तिमा विधुतिकरण गर्न सहजीकरणका गर्नका लागी विधुत तार तथा विधुतिय सामाग्री खरीद व्यवस्थापनमा अन्य पूर्वाधार शिर्षकबाट रु.५०००००
(अक्षरुपी पाँच लाख मात्र) विनियोजन गर्ने निर्णय गरीयो ।

**निर्णय न.१४** नगरपालिकाको प्रशासकीय भवन को कम्पाउन्ड वाल निर्माण र गर्नुपर्ने अन्य बाँकी काम गर्नका लागी प्रावसिधिक स्टमेट बनाई काम सूरु गर्ने जसका लागी यस आ.व का लागी रु.२००००००
अक्षरुपी विस लाख मात्र विनियोजन गर्ने निर्णय गरीयो ।

**निर्णय न.१५** सहकाले बाटो ढलान कार्यमा ढलान सामाग्रीको लागी मात्र रु. २५०००० अक्षरुपी दुई लाख पचास हजारमा नबढ्ने गरी विनियोजन गर्ने निर्णय गरीयो ।

**निर्णय न.१६** कृषि र पशु विकास शाखामा कार्यक्रम प्रभावकारी रुपले कार्यान्वयन गर्न जनशक्ति अपुग भएको अवस्था लाई मध्यनजर गरी कम्तिमा अधिकृत स्तरको एक/ एक जना प्राविधिक कर्मचारी आन्तरीक स्रोत बाट तलब भत्ता व्यहोर्ने गरी करारमा भर्ना गर्ने निर्णय गरीयो ।

**निर्णय न.१७** परेवाडाँडाँ एम्बुलेन्स खरीदको लागी रु.३५०००० अक्षरुपी तिन लाख पचास हजार मात्र अनुदान दिने निर्णय गरीयो ।

**निर्णय न.१८** वडा न.६ स्थित बोगटीबारी ऐसेलुचौर हुँदै चणडिस्थान जोड्ने मोटरबाटो स्तरोन्नतिमा प्रदेश सरकारको रु.५० लाख तथा नगरपालिकाबाट रु.५० लाख गरी १ करोड विनियोजन गरीएकोमा उक्त योजना उपभोक्ता समितिमार्फत गर्न रु. ८३३३३३३.३३ अक्षरुपी त्रियासीलाख तेतिस हजार तिन सय तेतिस रुपैयाँ तेतिस पैसा मात्र मा सम्झौता गरी बाँकी रहेको रकम रु.१६६६६६६ अक्षरुपी स्रोह लाख छैसट्ठी हजार छ सय छैसट्ठी मध्ये सोहि बाटोबाट चण्डिस्थान सम्म नयाँ ट्र्याक खोल्न रु.७००००० अक्षरुपी सात लाख मात्र विनियोजन गर्ने र बाँकी रकम रु. १० लाख नगरपालिकाको अन्य पूर्वाधार शिर्षकमा स्थानान्तरण गर्ने निर्णय गरीयो ।

**निर्णय न. १९** वडा न.६ स्थित कुमालखोला पुत्लेटारि कुलोको बाँध निर्माणका लागि स्टमेटमा उल्लेखित रकम रु.४४५०० अक्षरुपी चौवालिस हजार पाँच सय मात्र विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय न. २०** वडा न.६ स्थित सुनारगाउँ खानेपानी आयोजनाका लागी रु.४३५००० (अक्षरपी चार लाख पैतिस हजार मात्र) विनियोजन गर्ने निर्णय गरियो ।

जनकराज मिश्र
प्रमुख

**निर्णय न.२१** वडा न.६ स्थित अन्नपूर्ण टोलमा नाला थप र स्ल्याब निर्माण योजनामा रु.३५०००० अक्षरुपि तिन लाख पचास हजार मात्र विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय न.२२** शाखागत कार्यक्रम संशोधन सम्बन्धमा तपशिल बमोजिम संशोधन गर्ने निर्णय गरीयो

**१.महिला तथा बालबालिका शाखा-**

क . ज्येष्ठ नागरीक अनुभव आदानप्रदान कार्यक्रम लाई संशोधन गरी ज्येष्ट नागरीक भजन किर्तन सामाग्री वितरण कार्यक्रम मा संशोधन गर्ने निर्णय गरीयो ।

ख. आ.व ०७७/७८ मा प्रत्येक वडामा वाल उधान निर्माणको लागी विनियोजन भएको रु.११ लाख रुपैयाँ वडा न. ८ स्थित भेडीखर्के साँईला (दिर्घराज अधिकारी) युक्त गुरुङ एवमं कालु कार्की स्मृति पार्क पूर्वाधार विकास हुने गरी विनियोजन गर्ने निर्णय गरीयो ।

ग. सामाजिक सुरक्षा भत्ता वितरण सहजीकरण कार्यक्रम रु.२लाख लाई संशोधन गरी ज्येष्ठ नागरीक भ्रमण तथा तिर्थयात्रा कार्यक्रम १ दिने हुने गरी संशोधन गर्ने निर्णय गरीयो ।

निर्णय न. २४ १११ औं अन्तर्राष्ट्रिय महिला दिवस कार्यक्रम संचालन गर्दा लागेको खर्च रकम रु.४७६०० अक्षरुपी सतचालिस हजार छ सय रुपैयाँ मात्र महिला तथा बालबालिका शाखा प्रमुखलाई भुक्तानी दिने निर्णय गरीयो ।

प्रमुख

प्रमुख

**निर्णय न.२५** प्रदेश सरकार गण्डकी प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको च.न. ५४४ मिति २०७७/१२/०३ गते प्राप्त पत्रानुसार अन्तरसरकारी वित्त हस्तान्तरणका लागी देहायका आयोजना तथा कार्यक्रमको प्राविधिक मूल्याङ्कन गरी प्रदेश सरकार समक्ष पेश गर्ने निर्णय गरीयो ।

देहाय

| क्र. सं. | योजनाको नाम | लागत अनुमान | कैफियत |
|---|---|---|---|
| १. | आन्तरीक सडक पिच योजना वडा न. ५,६,७,८ र ९ | रु.१३०७४०२८.७६ | |
| २. | परेवाडाँडा खानेपानी मर्मत सु.न.पा.२ | रु. १९८०१८२७.२० | |
| ३. | सुन्तलेटार खानेपानी आयोजना सु.न.पा.२ | रु. ८०२०४६९.०७ | |
| ४. | ल्यान्डफिल साईट व्यवस्थापन | रु. ९४०४२४१.३० | |
| ५. | सुन्दरबजार अस्पताल सु.न.पा. ७ | रु. २५८१५९५.७६ | |
| ६. | तिलक स्मृति टोल खानेपानी आयोजना सु.न.पा. वडा न.२ | रु. ९४४९६९८.२२ | |
| ७. | च्यानपाटा खानेपानी सु.न.पा.३ | रु. ६७०५६१८.८४ | |
| ८. | खानेपानी आयोजना सु.न वडा न.११ | रु. ६९४२५५५.५० | |
| ९. | पात्लेपानि अर्च्यालनी खानेपानि आयोजना सु.न.पा .४ | रु. ६७०५६१८.८४ | |
| १० | खानेपानि तथा सर्सफाई उपभोक्ता समिति सु.न.पा.५ | रु. १००२८२२६.४९ | |
| ११. | वडा कार्यालय भवन निर्माण वडा न. ७ ९ र ११ | रु. १८०३९५७२.७० | |
| १२ | सु.न.पा.३ मा पाणेनी तिन्कुने सडक स्तरोन्नति | रु. ९४८३४७४.४० | |

2077/12/06

जनकराज मिश्र

प्रमुख

निर्णय न.२६ पशु विकास शाखा अन्तर्गत आ.व. ०७७/७८ को बार्षिक विकास कार्यक्रममा यान्त्रीकिकरण ( मिल्की मेसिन ह्याचरी तथा अन्य सामाग्री खरीद तथा वितरण कार्यक्रम) लाई परीमार्जित गरि गाई भैंसिका लागी काउ म्याट खरीद तथा नि.शुल्क वितरण कार्यक्रममा संशोधन गर्ने निर्णय गरीयो ।

**निर्णय न.२७** पशु विकास शाखा अन्तर्गत आ.व. ०७७/७८ को बार्षिक विकास कार्यक्रममा पशुपन्क्षी विमा सेवा १५ प्रतिशत लाई पशु स्वास्थ्य शिविर संचालन गर्ने कार्यक्रममा संशोधन गर्ने निर्णय गरीयो ।

**निर्णय न.२८** कृषि विकास शाखाको आ.व. ०७७/७८ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार क.स.१६ खर्च शिर्षक न. २२५२२ को पकेट क्षेत्र विकास तथा स्तरोन्नति कार्यक्रममा विनियवजित रकम रु.५ लाख भएकोमा सोहि प्रकृतिको कार्यक्रम रु.२४ लाख सशर्त अनुदानको रुपमा विनियोजन भई कार्यसंचालन भईरहेकोले उक्त रकम लाई देहायअनुसार संशोधन गर्ने निर्णय गरीयो -

क. गोला सहितको मौरीघार ५० प्रतिशत अनुदानमा वितरण रु १ लाख मात्र ।

( आदर्श मा.वि. सुनपा ६ मा C.T.V.T बाट ६५ दिने मौरीपालन तालिम लिने कृषकहरुका लागी )

ख. सिल्पोलिन पलास्टिक ७५ प्रतिशात अनुदानमा वितरण रु. ४ लाख मात्र ।

**निर्णय न.२९** धान उत्पादन प्रबर्धन कार्यक्रम अन्तर्गत छनौट भएका देहायका ८ वटा कलष्टरलाई उक्त कलष्टर समितिले नियमानुसार खरीद गरेका धान प्रबर्धन का सामाग्रीहरु विउ विजन तथा अन्य सामाग्रीहरुको बिल भर्पाई उपलब्ध गराईसकेपछि मात्र सम्वन्धित समितिको खातामा प्रति समिति रु.५ लाख नबढ्ने गरी अनुदान रकम उपलब्ध गराउने निर्णय गरीयो ।

देहाय

१.मजुवा फाँट धान प्रर्वधन कलस्टर समिति - सु.न.पा. ७

२.निमोटे अन्नपुर्ण फाँट धान प्रर्वधन कलस्टर समिति - सु.न.पा. ६

३.हाँडेटार धाम प्रर्वधन कलस्टर समिति - सु.न.पा. २

४.दुराडाँडा अम्वोटे धान प्रर्वधन कलस्टर समिति - सु.न.पा. ३ र ४

५.पाउँदी खोला वगर खेत ३० मुरे सेरा फाँट धान प्रर्वधन कलस्टर समिति - सु.न.पा. ५

६.किरिन्चे सत्रसय फाँट धान प्रर्वधन कलस्टर समिति - सु.न.पा. ४

७.लामीखेत मिलन बस्ती धान प्रर्वधन कलस्टर समिति - सु.न.पा. ३

८.ठुलोस्वारा धान प्रर्वधन कलस्टर समिति - सु.न.पा. ११

**निर्णय न.३०** सु.न.पा वडा न ५ को वडा तर्फको अन्य पूर्वाधार शिर्षकमा विनियोजित रकमलाई देहायअनुसार हुने गरि संशोधन गरने निर्णय गरियो ।

क. कमेरे खानेपानी रु.२ लाख

ख.महिला स्वास्थ्य विमा कार्यक्रम रु १ लाख

ग. वडा प्रोफाईल रु ५० हजार

घ. पोषण कार्यक्रम रु ५० हजार

ङ. सिस्नेरी बागेडाँडाँ मोटरबाटो स्तरोन्नति रु ४ लाख

च. थाक्ले चौतारा घुमाउने जाने मोटरबाटो रु.४० हजार

छ. विलिभर चर्च रु ५० हजार

ज. थाक्ले मन्दिर निर्माण रु ६० हजार

झ. कमेरे खेल मैदान संरक्षण रु.८० हजार

ज. मनकामना तमु समाज भवन रु.२ लाख

झ. खरीभङ्याङ मोटरबाटो स्तरोन्नति रु.१ लाख

ञ. घुमाउने देउराली बजारकोट मोटरबाटो नयाँ ट्र्याक रु.२ लाख

ट. कमेरे सामुदायिक भवन मर्मत तथा शौचालय निर्माण रु.२ लाख

ठ. जनसेंवा खानेपानी रु.१ लाख ५० हजार

**निर्णय न.३१** वडा न.७ को वडा समितिको मिति २०७७/१०/०९ गतेको बैठकको निर्णय न.२ अनुसार रमाईलो मर्स्याङ्दी पर्यटन केन्द्र पूर्वाधार विकास मध्ये १ लाख ५० हजार रकम नेवा खल भवन मर्मत सुन.न.पा.७ मा र रु ६ लाख ५० हजार सुनपा ७ स्थित ब्याडमिन्टन कोर्ट निर्माण कार्यको लागी विनियोजन गर्ने निर्णय गरीयो ।

२०७७/१२/०६